## मिति २०७८/०३/०९गते बुधवार १०७ औ कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. आगामी आ.व. २०७८/०७९ को योजना बजेट तथा कार्यक्रम सम्बन्धमा ।

२. सरसफाई वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

३. टिन खरिदका लागि रकम भुक्तानी सम्बन्धमा ।

४. लागत सहभागिता सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०७८/०७९को योजना बजेट तथा कार्यक्रम माथि छलफल गरियो । प्रस्तावित योजना बजेट तथा कार्यक्रम नगर सभामा पेश गर्ने गरी नगर कार्यपालिकाबाट पारित गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७८।०३।०८ गते बसेको बैठकका देहायका निर्णयहरु अनुमोदन गर्ने ।

२.१ घोराही उपमहानगरपालिकाको वडा नं २ सोरटी निवासी कृष्ण बहादुर डाँगीको घर आगलागीको कारण पूर्ण रुपमा नष्ट भएको भन्ने वडाको च. नं. २०२९, मिति २०७८।०१।०३ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९ ,पेज नं ५२ सि नं १२ बाट खर्च हुनेगरी नियमानुसारको जस्तापाता राहत स्वरुप उपलब्ध गराउने।

२.२ घोराही उपमहानगरपालिकको वडा नं २ सोरटी निवासी पार्वती डाँगीको आगलागीका कारण घर पूर्ण रुपमा नष्ट भएको भन्ने वडाको च. नं. २०३०, मिति २०७८।०१।०३ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं. ३११५९,पेज नं ५२, सि नं १२ बाट खर्च हुनेगरी नियमानुसारको जस्तापाता राहत स्वरुप उपलब्ध गराउने ।

२.३ घोराही उपमहानगरपालिकाको वडा नं २ सोरटी निवासी कल्पना के.सीको घर र गोठ आगलागीका कारण घर पूर्ण रुपमा नष्ट भएको भन्ने वडाको च. नं. ९५५ मिति २०७८।०९।१५ गतेको प्राप्त सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९ ,पेज नं ५२ सि नं १२ बाट खर्च हुनेगरी नियमानुसारको जस्तापाता राहत स्वरुप उपलब्ध गराउन नगर कार्यपालिका समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२.४ घोराही उपमहानगरपालिकाको वडा नं ६ अन्तर्गत पर्ने अघरा स्थित कृष्ण कुमार अधिकारीको घर नजिक कल्भर्टदेखि प्रकाश अधिकारीको घरसम्मको कुलो वर्षातको कारण भत्कीन गई क्षति पुगेकोले उक्त कुलो निर्माणको लागि सहयोग गरिदिन भनी वडाको चलानी नं. २३१७, मिति २०७८।०३।०६ पत्रबाट सिफारिस आएकोले स्थलगत अनुगमन र प्राविधिक इस्टिमेट पश्चात प्रकृया अगाडि बढाउने ।

२.५ घोराही उपमहानगरपालिकाको वडा नं १७ अन्तर्गतको गुलिरया ड्यामको आउट्लेट अविरल वर्षाको कारण भत्किएकोले जोखिम न्यूनिकरणको लागि आवश्यक मर्मत गरिदिन भनी वडाबाट सिफारिस आएकोमा आगामी आर्थिक वर्षको कार्यक्रममा उक्त तालको मर्मत सम्भार एवम् संरक्षणको लागि बजेट विनियोजन गरिदिने ।

२.६ घोराही उपमहानगरपालिकाको वडा नं ४ स्थित बसन्तपुर जोड्ने बाटोमा साईडवाल सहित कल्भर्ट निर्माण योजना अन्तरगतको बाटो नगरपालिकाले विस्तार गर्ने क्रममा कृष्णप्रसाद शर्माको घरको पर्खाल भत्किएको र घर पनि जोखिममा रहेको भनी वडाबाट प्राप्त सिफारिस र प्रहरी मुचुल्का समेतको आधारमा जानकारी हुन आएकोले निज प्रभावितलाई नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९, पेज नं ५२, सि नं १२ बाट खर्च हुनेगरी रु १,००,०००/-(अक्षेरुपी एक लाख मात्र) राहत स्वरुप उपलब्ध गराउने ।

२.७ घोराही उपमहानगरपालिकाको वडा नं १५ स्थित लखवार कुलोको डिल निरन्तर वर्षातका कारण पहिरो गई कुलोको पानी वस्तीमा पसी क्षति पु-याउने सम्भावना रहेको भनी १५ नं. वडा कार्यालयको च. नं. ८८०७, मिति २०७८।०३।०६को पत्रानुसार जानकारी आएकोले तारजाली लगायत आवश्यक मर्मतका लागि सहयोग गर्न उर्जा जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय तुलसीपुरलाई पत्राचार गर्ने ।

२.८ घोराही उपमहानगरपालिकाको वडा नं ४ वारगाहे टोल बस्ने सुष्मा पाण्डेयका छोरा शिशिर पाण्डेको सरे सोता ड्याममा डुवेर मृत्यु भएको भनी वडाबाट आएको सिफारिस एवम् प्रहरी मुचुल्का समेतबाट जानकारी हुन आएकोले निज प्रभावितको परिवारलाई  नगर स्तरीय विपद् व्यवस्थापन कोष शीर्षक नं ३११५९, पेज नं ५२, सि नं १२ बाट खर्च हुनेगरी रु २५,०००/-अक्षेरुपी पच्चीस हजार मात्र राहत स्वरुप उपलब्ध गराउने ।

२.९ घोराही उपमहानगरपालिकाको वडा नं १२ अन्तर्गत पर्ने भवानी कुलामा वर्षायाममा आएको बाढीले विभिन्न ठाउँमा कुलाको नाहा भत्कन गएको भनी वडाको च. नं. ७००६, मिति २०७८।०३।०४ गतेको पत्रानुसार जानकारी हुन आएकोले संभावित जोखिम न्यूनिकरणका लागि अनुगमन पश्चात समितिको निर्णय अनुसार विपद् बाट क्षति भएका भौतिक संरचना शीर्षक नं. २२२३१, पेज नं ५२ सि नं १ बाट खर्च हुनेगरी रु.४०,०००/-(अक्षेरुपी चालीस हजार मात्र) राहत स्वरुप उपलब्ध गराउने ।

२.१० घोराही उपमहानगरपालिकाका विभिन्न स्थानमा वर्षातको कारण सडक तथा कल्भर्ट आदिमा क्षति पुग्न गई तत्काल मर्मत सम्भार गर्नुपर्ने  अवस्थामा आवश्यक नदी जन्य सामाग्री उत्थननका लागि देहाय बमोजिमका स्थानबाट ग्राभेल तथा नदिजन्य पदार्थ उठाउन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने ।

देहाय

१. वडा नं. १२ स्थित नारायणपुर-नारेवाङ पुलको पूर्व साइट
२. वडा नं. १४ स्थित झिगौंरा बाँधनेर
३. वडा नं. १६ स्थित वृद्धाश्रम नजिक
४. वडा नं. ४ सिस्ने खोला स्थित पालथान

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिका वडा नं. १ स्थित निर्माण भएको चेपेताललले उत्तर तर्फ पर्ने विष्णु बहादुर खड्काको घर डुबानमा परि नयाँ घर निर्माणका लागि घोराही उपमहानगरपालिकाबाट रु. ३००००० ।- (तिन लाख मात्र) उपलब्ध गराइएकोमा घर निर्माणका लागि उक्त रकम अप्रयाप्त भई कार्य सम्पन्न हुन नसक्ने भएकोले वडा कार्यालयबाट खरको छाना विस्थापित कार्यक्रमबाट टिन उपलब्ध गराउने सहमति भएता पनि जिल्ला दररेटका कारण टिन उपलब्ध गराउन नसकिने भएको हुँदा निज विष्णु बहादुर खड्कालाई सत्यम हार्डवेयर्स घोराही दाङको विल भर्पाई अनुसार घर निर्माणका लागि आवश्यक टिन खरिद गर्न रकम उपलब्ध गराइदिनुहुन भनि १ नं. वडा कार्यालयको च.नं. २०२७ मिति २०७८।०३।०९ गते पत्रबाट सिफारिस भई आएकोले उक्त घर सम्पन्न गर्न आवश्यक रकम रु.५३३९२।५०।- (त्रिपन्न हजार तिन सय बयान्नब्बे रुपैया पचास पैसा मात्र) विष्णु बहादुर खड्काको आवश्यक सहयोग रकम सत्यम हार्डवेयर्स घोराही दाङलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका वडा नं. १८ को विभिन्न सडक क्षेत्रमा परेका खाल्डा खुल्डी मर्मत गर्न फुटकर खर्च अन्तर्गत वडास्तरीय बजेटबाट कार्य सम्पन्न गर्ने गरी बजेट विनियोजन भएको र मर्मत गर्ने सडक क्षेत्र विभिन्न स्थानमा भएका र वस्तीदेखि टाढा दुर्गम क्षेत्रमा भएकोले लागत सहभागितामा मर्मत कार्य अगाडी बढाउन कठिनाई भएको र सडक मर्मत कार्य नगर्दा वर्षायाममा थप खाल्डाखुल्डी भई सवारी आवागमनमा असहजता हुने र सडक दुर्घटनाको समेत जोखिम बढ्ने भएकोले लागत सहभागिता छुटको लागि १८ नं. वडा कार्यालयको च.नं.४८२९ मिति २०७७।०३।०४ गतेको प्राप्त सिफारिस समेतका आधारमा फुटकर खर्च अन्तर्गत गरिने सडक मर्मत कार्यमा लागत सहभागिता छुट दिने ।